नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्यूरो

बब्बरमहल,काठमाण्डौ,

०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-२४

## "मानव बेचबिखन मुद्दाका फरार प्रतिवादी ३२ बर्षपछि पक्राउ"

पिडीतलाई ब्रुनाई पठाईदिने भनि झुक्याई २०४७ चैत्र ०३ गते काठमाण्डौबाट काकरभिट्टा हुँदै पश्चिम बंगालको बागडोग्रा भन्ने स्थानमा पुर्याई भारतीय नागरीकलाई बेचबिखन गरेको कसुरमा खोजतलास तथा अनुसन्धानको क्रममा ३२ बर्ष देखि फरार प्रतिवादी बिर बहादुर तामाङलाई यस व्युरोबाट खटीएको टोलीले मिति २०८०।१०।०३ गते ललीतपुरबाट पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानीत काठमाण्डौ जिल्ला अदालतबाट ३ (तिन) दिन म्याद थप गरि आवस्यक अनुसन्धान भईरहेको ।

**पक्राउ प्रतिवादी:-** जिल्ला धादिङ साविक सेमजोङ गा.वि.स. वडा नं- ०८ परिवर्तित मेत्रावती गाउँपालीका-०२ स्थायी वतन भएको बर्ष ५७ को बिर बहादुर तामाङ ।

**फोटो**



**प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएको बिबरण:-**

- पिडितको श्रीमान ब्रुनाई देशमा रोजगारीमा रहेको बेलामा हाल पक्राउ परेका प्रतिवादीले तिम्रो श्रीमानले ब्रुनाई ल्याईदिनु भनि मलाई चिठ्ठी पठाएका छन भनि झुक्याई काठमाण्डौबाट काकरभिट्टा हुँदै भारतको पश्चिम बंगाल स्थित बागडोग्रा भन्ने शहरमा पुर्याएको ।
- अभियुक्तले पिडीतलाई सोहि स्थानमा रहेको एक अनजान व्यक्तिको घरमा पुर्याई उक्त घरका २ जना अपरीचित भारतीय नागरीकहरुसंग एकछिन छुट्टै कुरा गरि भोली आउछु भनि निजहरुको जिम्मामा छोडी गएको ।
- पक्राउ परेका अभियुक्त बिर बहादुर तामाङले भारतिय नागरीकहरुवाट भा.रु. १० हजार लिई पिडीतलाई वेचबिखन गरेको खुल्न आएको ।
- निज भारतिय नागरिकहरुले पिडीतलाई रिक्सामा राखि लैजाने क्रममा पिडीत रिक्साबाट हाम फाली नजिकै रहेको भारतीय प्रहरीको सम्पर्कमा गएपश्चात निजहरुले काकरभिट्टा ल्याई छोडीदिएको खुल्न आएको ।
- उक्त वारदातपश्चात लुकीछीपी बस्दै आएका प्रतिवादी बिर बहादुर तामाङलाई यस व्युरोबाट खटीएको टोलीले लामो समय सम्म खोजतलास एवं निग्रानी गर्ने क्रममा मिती २०८०।१०।०३ गते ललीतपुर महानगरपालीका वडा नं १४ तिखेदेवलमा फेला पारि पक्राउ गरिएको ।
- उल्लेखीत घटनामा संलग्न अन्य अभियुक्तहरुको खोजतलास तथा थप अनुसन्धान जारी रहेको ।

**प्रवक्ता**
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं.:-९८५१२८१३३०

**मिति:-२०८०/१०/०४ गते ।**

Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gc